## पशु स्वास्थ्य तालिम तथा परामर्श सेवा

## कार्यविवरण

**पदः** पशु कल्याण प्राबिधिक (प्रशिक्षार्थी )

**कामको उद्देश्यः** परियोजना अन्र्तगत तोकिएका क्रियाकलापहरु आफ्नो कार्य क्षेत्रमा कार्यान्वयन गर्ने ।

**मूख्य कार्य तथा जिम्मेवारीहरुः**

- समुदाय/ईट्टा उद्योगमा काम गर्ने पशुपालकलाई संगठित गर्ने र अश्वकल्याण समूह गठन एवं परिचालन गर्ने ।
- स्थानिय स्तरमा अश्व उपचारमा सहयोग गर्ने ।
- परियोजनाका सहभागी/समूह तथा स्थानिय सरोकारवाला निकायहरु सँग समन्वयकारी भूमिका निर्वाह गर्ने ।
- अश्व कल्याण, प्राथमिक उपचार तथा उचित व्यवस्थापन र अन्य आवश्यक तालिमहरु संचालन गर्ने ।
- परियोजनाका क्रियाकलापहरुको अभिलेख राख्ने तथा संचालन गरिएका क्रियाकलापहरुको प्रतिवेदन सुपरभाईजर समक्ष पेशगर्ने ।
- प्रतिवेदन बारे सुपरभाईजर तथा सम्बन्धित अधिकारीहरुसँग सर सल्लाह आदानप्रदान गर्ने ।
- फिल्ड संयोजकले खटाएका अन्य क्षेत्रहरुमा कार्य गर्ने ।

**मूख्य जिम्मेवारी अन्र्तगतका विशेष कार्यहरुः**

### १. समुदाय/ईट्टा उद्योगमा काम गर्ने पशुपालकलाई संगठित गर्ने र अश्वकल्याण समूह गठन एवं परिचालन गर्ने

- अश्वपशु जम्मा हुने स्थान तथा पहिचान गरिएका समूहको परिचालन गर्ने ।
- अश्व पशुका धनिहरुलाई अश्वपशु कल्याण समूहमा आवद्ध एवं संगठित हुन प्रोत्साहित गर्ने ।
- अश्वपशु कल्याण समूहका बैठकहरुमा सहभागी हुने र बैठकका सहभागीहरुलाई सहभागीतामूलक ग्रामीण लेखाजोखा अन्र्तगतका उचित सामग्रीहरु (RRA/PRA tools) प्रयोग गरि अश्व कल्याणका मुद्दाहरु पहिचान गर्न प्रोत्साहित गर्ने ।
- अश्वपशु कल्याण सम्बन्धि पहिचान गरिएका मुद्दाहरुलाई सम्बोधन गर्न सान्दर्भिक कार्य योजना बनाई उक्त कार्ययोजना कार्यान्वयन गर्न अश्वपशु कल्याण समूहलाई परिचालन गर्ने ।

### २. स्थानिय स्तरमा अश्व उपचारमा सहयोग गर्ने

- अश्वपशु धनिहरुलाई आवश्यक पशु चिकित्सा सेवा लिन र रोग रोकथामका लागी अधिकतम प्रोत्साहित गर्ने तथा सहमत गराउने ।
- समय समयमा अश्वपशु स्वास्थ शिविर आयोजना गर्न संयोजनकारी भूमिका निर्वाह गर्ने ।

- अश्वपशु धनिहरुलाई पशु कल्याण समस्याको मूख्य कारण बारे जानकारी गराउने र साथै यसका निवारणका लागि आवश्यक दिर्घकालिन योजनाबारे सल्लाह सुझावदिने ।
- अश्वपशुहरुलाई आकस्मिक उपचार सेवा प्रदान गर्ने र तालिम दिईएका स्थानीय पशुसेवा प्रदायकलाई अधिकतम परिचालन गर्ने ।
- अश्वपशुहरुको रोग निदान गर्न तथा सहि उपचार सेवा प्रदान गर्न आफ्नो फिल्ड संयोजक वा भेटेरीनरी चिकित्सक सँग समन्वय गर्ने ।
- अश्वपशु चिकित्सका लागि आवश्यक पर्ने न्यूनतम औषधि भण्डारण (minimum stock level - MSL) तथा उपचारका लागि फिल्डमा लगिने न्यूनतम औषधि स्तर (minimum carrying level - MCL), प्राथमिक उपचार बाकस तथा औषधिहरुको अभिलेख दुरुस्त राख्ने ।

**३. परियोजनाका सहभागी/समूह तथा स्थानिय सरोकारवाला निकायहरु सँग समन्वयकारी भूमिका निर्वाह गर्ने**

- आफ्नो कार्यक्षेत्रमा रहेका सरकारी पशु स्वास्थ सेवाप्रदायकहरु जस्तैः पशु चिकित्सक, भेटरिनरी प्रा.स., ना.प्रा.स. तथा प्राईभेट पशुस्वास्थ सेवाप्रदायकहरु जस्तैः सेवानिवृत्त भएकापशु चिकित्सक, प्रभाईभेट भेटरिनरी प्रा.स., ना.प्रा.स. ग्रा.प.स्व.का.तथा धामी झ्याँक्रिहरु, नालबन्दिगर्ने, टाँप बनाउने, दाना बेच्ने, टाँगा तथा बुग्गी बनाउने, रौं काट्ने आदि पहिचान गरि आवश्यक समन्वय गर्ने र आवश्यकता अनुसार परिचालन गर्ने ।
- पहिचान गरिएका व्यक्ति तथा सरकारी निकायहरुसँग राम्रो कार्यगत सम्बन्ध विकाश गर्ने ।
- नीजहरुलाई पशु कल्याण मैत्री सेवाप्रदानगर्न अर्न्तक्रिया, आवश्यक सहयोग तथा प्रोत्साहन गर्ने ।

**४. अश्व कल्याण, प्राथमिक उपचार तथा उचित व्यवस्थापन र अन्य आवश्यक तालिमहरु संचालन गर्ने ।**

- संस्थाको तालिम निर्देशिका अनुसार तालिमको आवश्यकता, लघु शिक्षण तयार गर्न, उपयूक्त तालिम सामग्रीहरु तयार गर्न तथा तालिम प्रदान गर्न आफ्नो फिल्ड संयोजकलाई सहयोग गर्ने र तालिम संचालन गर्ने ।

**५. परियोजनाका क्रियाकलापहरुको अभिलेख राख्ने तथा संचालन गरिएका क्रियाकलापहरुको प्रतिवेदन सुपरभाईजर समक्ष पेशगर्ने**

- मासिक, त्रैमासिक, प्रतिवेदन, कार्य योजना र कार्यान्वयन गरिएका परियोजनाका क्रियाकलापहरु बारे प्रतिवेदन तयार गरि आफ्नो सुपरभाईजर समक्ष पेश गर्ने । र उक्त प्रतिवेदन तर्कयुक्त ढाँचामा उल्लेख गरिए बमोजिमको उपलब्धी हासिल भएको सुनिश्चित गर्ने ।
- संचालन गरिएका विशेष क्रियाकलापहरु जस्तैः स्थानियनिकाय सँगको अन्तरक्रिया/छलफल, समूदायमा आयोजना गरिएका विशेष कार्यक्रमहरु आदिबारे प्रतिवेदन र परियोजनालाई प्रभावकारी बनाँउनका लागि गरिनु पर्ने क्रियाकलापहरु तर्जुमा गरि पेश गर्ने ।
- अश्वपशु, पशु धनिहरु,पशु हेरालु र अन्यसरोकारवाला निकायहरु जस्तैःवडा/ गाँउपालिका/नगरपालिकाका पशु सेवा हेर्ने निकायहरु, माथीउल्लेख भएकाप्राईभेट सेवाप्रदायकहरुको

पशु कल्याणमा आधारित भई अवलोकनगर्ने, प्रगति भए नभएको बारेमा अभिलेख राख्ने र आफ्नो फिल्ड संयोजक मार्फत परियोजना संयोजक समक्ष पेश गर्ने ।

- प्रत्येक त्रैमासिकमा सफलताको कथा तथा स्वास्थ सेवाप्रदाय (Case studies) सम्बन्धि प्रतिवेदन अनिवार्य रुपमा तयार गरि आफ्नो फिल्ड संयोजकमार्फत परियोजना संयोजक वा दस्तावेज अधिकृति समक्ष पेश गर्ने ।
- दैनिक रुपमा आफ्नो कार्यस्थलमा भएका/गरिएका गतिविधिहरुको अभिलेख राख्ने र आफ्नो फिल्ड संयोजकलाई जानकारी गराउने ।

**६. सुपरभाईजर र संस्थाका अन्य अधिकारीहरुसँग सर सल्लाह आदानप्रदान गर्ने**

- परियोजना तर्जुमा, कार्यान्वयन र समिक्षा गर्न संस्थाका आवश्यक अधिकारीहरुसँग सर सल्लाह तथा सहयोग गर्ने ।
- परियोजनाका बाह्य सरोकारवालाहरु जस्तैः प्राईभेट पशु चिकित्सक, प्रा.स., ना.प्रा.स., ग्रा.प.स्वा.का. वडा, गाउँपालिका, नगरपालिकाका पशु सेवाशाखा हेर्ने अधिकारी आदी सँग परियोजनाको अनुभव, प्राविधिक अनुभव आदानप्रदान गर्ने र राम्रो सम्बन्ध स्थापना गर्ने ।
- संस्थाका प्राविधिक र व्यवस्थापन पक्षसँग परियोजनाका विषय वस्तुहरु बारे आफ्नो फिल्ड संयोजकमार्फत सम्पर्क, छलफल, तथा अन्तरक्रिया गर्ने ।
- परियोजनाले तोकेका विविध कल्याणकारी लेखाजोखा सम्बन्धि सर्भेहरु गर्न अधिकतम रुपमा सहयोग गर्ने ।

**७. अन्य जिम्मेवारी सम्बन्धित फिल्ड संयोजक र परियोजना संयोजकले तोके बमोजिम हुनेछ ।**

**आवश्यक ज्ञान, योग्यता र आचरणः**

क. शैक्षिक योग्यता र अनुभवः

- भेटरिनरी विषयमा प्रा.स./ना.प्रा.स, पशु सेवा बिज्ञानमा डिप्लोमा तह उतिर्ण ।
- समुदाय परिचालन तथा कृषक तालिम प्रदान कार्यमा अनुभव भएको ।

ख. योग्यता/दक्षताः

- समुदायमा आधारित योजनातर्जुमा, समस्या समाधान र नेतृत्व लिन सक्ने दक्षता र प्रमाणित योग्यता ।
- सहभागितामुलक ग्रामीण लेखाजोखाका सामाग्री र तिनका प्रयोगबारे राम्रो जानकारी भएको ।
- लक्ष निर्धारण गर्न, त्यसलाई हासिल गर्न र त्यसको समिक्षा गर्न सक्ने योग्यता र स्व-अनुशासन भएको ।
- परियोजनाका सहभागीहरु तथा परियोजनका बाह्य सरोकारवालाहरु लाई प्रभावित गर्न सक्ने ।
- अंग्रेजी भाषामा सामान्य रुपमा सम्वाद गर्नसक्ने र कम्प्युटर सम्बन्धि सामान्यज्ञान भएको ।
- स्थानिय भाषामा सम्वाद गर्न सक्ने ।

- समस्यालाई उचित विश्लेषण गरि सहि निर्णय लिन सक्ने क्षमता ।
- स्वतन्त्र रुपमाबिना सुपरिवेक्षण कार्य गर्न, उत्प्रेरणा जगाउन र नयाँ नौलोकार्य योजना सुझावगर्न सक्ने ।
- समय सिमाभित्र र स्वीकृत मापदण्ड अनुरुप नतिजा प्राप्तगर्न सक्ने ।

ग. व्यवहारः

- आफ्नो प्राविधिक र सामाजिक ज्ञान तथा दक्षता बढाउन सधैँ तत्पर रहने ।
- परियोजनालाई सफल बनाउन विभिन्न प्रयास गर्न सधैँ तत्पर रहने ।
- समूहमा राम्ररी भूमिका निर्वाह गर्न सक्ने ।
- आपसी सम्बन्धमा ईमानदार, खुल्लापन भएको ।
- व्यवसायिक, सधैँ तत्पर र कार्यमा उत्कृष्ट ।
- AHTCS को गोपनीयता तथा मूल्यमान्यता प्रति प्रतिवद्ध ।
- अश्वपालक समुदाय र सरोकारवालाहरुलाई सेवागर्न तत्पर ।
- राम्रो आचरण भएको, अरु प्रतिसधैँ कृतज्ञ रहने र आदर गर्ने गुण भएको जस्ले यस संस्थाको ईज्जतमा सहयोगी भूमिका खेल्ने छ ।

यो कार्य विवरण परियोजनाको आवश्यकताअनुसार सम्बन्धित कर्मचारीसँग र निजको फिल्ड संयोजकसँग समिक्षा तथा छलफल गरि हेरफेर गर्न सकिने छ ।